<u>नगरसभाबाट स्वीकृत मिति</u>

२०८०।११।१४ गते

<u>प्रमाणीकरण तथा प्रकाशित मिति</u>

२०८०।११।२८ गते

# भिमाद नगरपालिका खेलकुद विकास ऐन , २०८०

**प्रस्तावना :** भिमाद नगरपालिकामा खेलकुद क्षेत्रको समग्र विकासका कार्यहरूलाई व्यवस्थित रूपले सञ्चालन गर्न बाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम भिमाद नगरपालिकाको पन्ध्रौ नगर अधिवेसनले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>**- (१) यस ऐनको नाम **“ भिमाद नगरपालिका खेलकुद विकास ऐन, २०८०”** रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागु हुने छ ।

२. **<u>परिभाषाः-</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) “खेलकुद सम्बन्धी संस्था” भन्नाले दफा (११) बमोजिम दर्ता भएको संस्था सम्झनु पर्दछ ।

ख) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिए वा तोकिए बमोजिम सम्झनु पर्छ।

ग) “खेलकुद समिति” भन्नाले दफा (३) बमोजिम गठित भएको नगर खेलकुद विकास समिति सम्झनु पर्छ।

घ) “सदस्य” भन्नाले दफा (३) बमोजिमको समिति सदस्य सम्झिनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउनेछ।

ङ) “सदस्य-सचिव” भन्नाले दफा (३) बमोजिम नगर खेलकुद विकास समितिको सदस्य-सचिव सम्झनु पर्छ ।

च) “समिति” भन्नाले दफा ३ बमोजिम गठित भएको खेलकुद विकास समिति सम्झनु पर्छ।सो शब्दले वडा खेलकुद विकास समिति समेतलाई जनाउनेछ ।

छ) “नगरपालिका” भन्नाले भिमाद नगरपालिका सम्झनुपर्दछ ।

ज) “कार्यपालिका सदस्य” भन्नाले भिमाद नगरपालिका नगरकार्यपालिका सदस्यलाई सम्झनु पर्छ।

झ) "अध्यक्ष" भन्नाले दफा (३) बमोजिम गठित नगर खेलकुद विकास समितिको अध्यक्षलाई सम्झनु पर्छ ।

ञ) "उपाध्यक्ष" भन्नाले दफा ३ बमोजिम गठित नगर खेलकुद विकास समितिको उपाध्यक्षलाई सम्झनु पर्छ ।

ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भिमाद नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

ठ) "शाखा" भन्नाले भिमाद नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ।

३. **<u>नगर खेलकुद विकास समितिः-</u>** (१) नगरपालिका खेलकुद कार्यक्रमको विकास, सञ्चालन र व्यवस्थापनमा सहयोग गर्नको लागि नगरपालिकाको मातहतमा रहने गरी देहायबमोजिमको एक नगर खेलकुद विकास समिति रहनेछ।

क) नगर प्रमुखको सिफारिसमा नगर कार्यपालिकाले मनोनित गरेको व्यक्ति -अध्यक्ष

ख) नगर कार्यपालिकाले मनोनित गरेको व्यक्ति -उपाध्यक्ष

ग) नगर सभाका सदस्यहरूमध्येबाट कार्यपालिकाले मनोनित गरेको एक जना -सदस्य

घ) नगर/जिल्ला/प्रदेश/राष्ट्रिय स्तरका खेलाडी वा रेफ्री वा प्रशिक्षक वा खेलकुद व्यवस्थापनको क्षेत्रमा कम्तीमा पाँच वर्ष काम गरेका नगरपालिकाभित्र बसोबास गरेका व्यक्तिहरू मध्येबाट कम्तीमा एक जना महिलासमेत पर्ने गरी नगरपालिकाले मनोनित गरेको २ जना - सदस्य

ङ) नगरपालिकाभित्र खेलकुदको क्षेत्रमा अध्ययन, अनुसन्धान एवम् प्रबन्धनात्मक कार्य गरेका खेलकुद विज्ञ वा खेल संघका अध्यक्ष वा विद्यालयका खेल शिक्षकहरू मध्येबाट नगर प्रमुखले मनोनित गरेको २ जना -सदस्य

च) नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको अधिकृत प्रतिनिधि एक जना -सदस्य

छ) नगरपालिकाले मनोनित गरेको व्यक्ति -सदस्य सचिव

(२) समितिले सदस्य मध्येवाट कुनै एक जनालाई कोषाध्यक्षको रुपमा जिम्मेवारी दिन सक्नेछ।

(३) समितिको बैठकमा आवश्यकताअनुसार शाखा प्रमुख र सम्बन्धित विज्ञ तथा सुरक्षा निकायका प्रमुखलाई आमन्त्रण गर्न सकिने छ ।

(४) समितिका मनोनित सदस्यको कार्यकाल तीन वर्षको हुने छ ।

तर मनोनित र अन्य तोकिएका सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा निजलाई मनोनयन गर्ने पदाधिकारी वा समितिले जुनसुकै समयमा पनि पदबाट हटाउन सक्ने छ । तर त्यसरी हटाउनु अघि सफाइ पेस गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

(५) समितिको सबै काम कारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ।

(६) समितिको चल अचल सम्पत्ति नगरपालिकाको हुनेछ।

(७) समितिको सचिवालय नगरपालिका कार्यालयमा रहनेछ ।

(८) समितिले शिक्षा, युवा तथा खेलकुद शाखासँगको समन्वयमा कार्यसम्पादन गर्नु पर्नेछ।

(९) समिति गठन नभएको वा रिक्त रहेको अवस्थामा समितिले गर्ने कार्य शाखाले गर्नु पर्नेछ।

४. <u>**सल्लाहकार समितिको गठन-**</u> (१) नगरपालिकामा खेलकुदको विकास एवम् प्रवर्धनका लागि खेलकुद विकास समितिलाई आवश्यक निर्देशन र सल्लाह प्रदान गर्नका लागि खेलकुद क्षेत्रमा विषेश अनुभव र दक्षता हासिल गरेका व्यक्तिहरु मध्येबाट नगर कार्यपालिकाले एक सल्लाहाकार समिति गठन गर्न सकिनेछ।

(२)सल्लाहकार समिति सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

५. <u>**सदस्यको अयोग्यता-**</u> देहायको कुनै व्यक्ति समितिको सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैन।

क) गैह्र नेपाली नागरिक,

ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

ग) पच्चीस वर्ष उमेर पूरा नभएको,

घ) कुनै कानूनले अयोग्य भएको ।

६. <u>**पद रिक्त हुने अवस्थाः-**</u> देहायको अवस्थामा सदस्यता खारेज भएको मानिनेछ।

क) दफा ५ बमोजिमको योग्यता नपुगेको ठहरिएमा,

ख) नगरपालिका समक्ष दिएको लिखित राजिनामा स्वीकृत भएमा,

ग) मृत्यु भएमा,

घ) सूचना नदिई लगातार तीन पटक भन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा,

ङ) नगरपालिकाले निजलाई पदबाट हटाएमा,

७. **<u>समितिको काम, कर्तव्य र अधिकारः-</u>** दफा ३ बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) नगरपालिकाको खेलकुद विकास सम्बन्धी विषयमा नीति निर्माण गर्न नगरपालिकालाई सुझाव दिने,

ख) नगरपालिकाको खेलकुद विकाससम्बन्धी दीर्घकालीन, मध्यकालीन एवम् अल्पकालीन योजना तर्जुमा गरी स्वीकृतिका लागि नगरपालिका समक्ष पेस गर्ने,

ग) नगरपालिकामा रहेका खेलकुद पूर्वाधारको पहिचान अभिलेख तथा संरक्षण सम्बन्धी आवश्यक कार्य गर्ने

घ) खेलकुद सम्बन्धी वार्षिक नीति तथा कार्यक्रम तय गरी नगरसभामा पेस गर्न शाखालाई आवश्यक सहयोग गर्ने,

ङ) नगरस्तरीय खेलकुद प्रतियोगिता आयोजना गर्ने,

च) खेलकुदको क्षेत्रमा कार्य गर्ने विभिन्न निकायहरूसँग समन्वय गर्ने,

छ) नगरपालिका बाहिर सञ्चालन गरिने खेलकुद प्रतियोगितामा सहभागिताका लागि खेलाडी छनोट लगायत प्रस्ताव तयार गरी शाखामा सिफारिस गर्ने,

ज) खेलकुद सम्बन्धी विभिन्न कार्यक्रम तथा बैठकमा प्रतिनिधित्व गर्न आवश्यक व्यवस्था मिलाउने,

झ) खेलकुदको विकास एवम् प्रवर्द्धन गर्नका लागि अध्ययन, अनुसन्धान, तालिम, गोष्ठी जस्ता कार्यक्रमहरू सञ्चालन गर्ने गराउने,

ञ) विद्यालयमा खेलकुद प्रशिक्षण एवम् खेल सम्बन्धी विषयमा समन्वय एवम् क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने,

ट) नगरपालिकाको कार्यक्षेत्र भित्रका खेलकुद सम्बन्धी संघ संस्थाको नियमन गर्ने,

ठ) खेलाडीलाई आर्थिक सहायता तथा खेलवृत्ति प्रदान गर्नको लागि नगरपालिका समक्ष सिफारिस गर्ने,

ड) फरक क्षमता भएका व्यक्तिको खेलकुदको विकास गर्न तालीम तथा प्रतियोगिता सञ्चालनको व्यवस्था गर्ने गराउने,

ढ) परम्परागत खेलकुदको संरक्षण र प्रबर्धन गर्ने,

ण) खेलाडीको अभिलेख राख्ने,

त) आवश्यकता अनुसार उप-समिति गठन गर्ने,

थ) अध्यक्षले नगर खेलकुद विकास समितिको वार्षिक प्रतिवेदन नगर कार्यपालिका समक्ष पेश गर्ने,

द) नगरपालिका र शाखाले तोके बमोजिमका खेलकुद विकास सम्बन्धी अन्य कार्य गर्ने गराउने।

८. **<u>समितिको बैठकसम्बन्धी कार्यविधि-</u>** (१) अध्यक्षको निर्देशन अनुसार सदस्य-सचिवले मिति,समय र स्थान तोकी समितिको बैठक बोलाउनु पर्नेछ।

(२) समितिको वैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले वैठकको अध्यक्षता गर्ने छ।

(३) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा वैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिने छ ।

(४) समितिको वैठक तीन महिनाको कम्तीमा एक पटक बस्ने छ ।

(५) एक तिहाई सदस्यले कारण र औचित्य सहित वैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले सात दिनभित्र बैठक बोलाउनु पर्नेछ।

(६) वैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) अध्यक्ष तथा सदस्य-सचिवले वैठकको निर्णय प्रमाणित गर्नु पर्नेछ ।

(८) वैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

९**<u>. नगर खेलकुद विकास समिति विघटन हुन सक्नेः-</u>** यस ऐनमा अयन्त्र जुनसुकै कुरा लेखिएको भएतापनि कार्यसम्पादन सन्तोषजनक नभएको मनासिव आधार देखिएमा उक्त समितिलाई कार्यपालिकाले जुनसुकै वखत भंग गर्न सक्नेछ ।

**१०<u>.वडा खेलकुद विकास समितिः</u>-** (१) नगर खेलकुद विकास समिति मातहतमा वडा स्तरीय खेलकुद विकास समिति रहने छ।

(२) वडास्तरीय खेलकुद विकास समितिको गठन देहाय बमोजिम हुने छ ।

क) वडा अध्यक्ष वा निजले तोकेको खेलकुद सम्बन्धी अनुभव भएको व्यक्ति - अध्यक्ष

ख) खेलकुद क्षेत्रमा कम्तिमा पाँच वर्ष कार्य गरेको व्यक्ति - सदस्य

ग) विद्यालयका खेल शिक्षक तथा संघ संस्थाबाट एक जना महिला सहित दुई जना- सदस्य

घ) वडा सचिव वा विद्यालयका शिक्षकहरूमध्येबाट वडा समितिले तोकेको - सदस्य- सचिव

(३) उपदफा (१) बमोजिम गठन हुने समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**११.<u>वडा खेलकुद विकास समितिका काम, कर्तव्य र अधिकार</u>-** (१) वडा खेलकुद विकास समितिका काम, कर्तव्य र अधिकार देहायअनुसार हुने छन् ।

क) वडास्तरीय खेलकुद विकासका लागि कार्यक्रम तर्जुमा गरी वडा समिति समक्ष पेस गर्ने,

ख) नगर खेलकुद विकास समितिसँग समन्वय गरी वडास्तरीय खेलकुद (अन्तर विद्यालय स्तरीय समेत) कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन गर्ने,

ग) विद्यालयमा खेलकुद प्रवर्धनका लागि सहयोग गर्ने,

घ) वडास्तरभित्र रहेका खेलाडीहरूको अभिलेख राख्ने,

ङ) नगरस्तरीय र जिल्लास्तरीय प्रतियोगितामा सहभागी गराउन नगर खेलकुद विकास समितिसमक्ष खेलाडीको नाम सिफारिस गर्ने,

च) वडा समिति र नगर खेलकुद विकास समितिले तोकेबमोजिमका अन्य कार्य गर्ने ।

**१२.<u>खेलकुद सम्बन्धी संस्थाको दर्ता वा सूचिकृत -</u>** (१) नगरपालिकाभित्र खेलकुद सम्बन्धी कार्यक्रम सन्चालन गर्नको लागि संस्था दर्ता गर्नुपर्नेछ ।

(२) अन्य निकायमा दर्ता भएका खेलकुद सम्बन्धी संस्था यस ऐन बमोजिम नगरपालिकामा सूचिकृत हुनुपर्नेछ।

(३) खेलकुद सम्बन्धी क्रियाकलाप आयोजना गर्ने क्लब, संघ वा संस्थाको दर्ता सूचीकरण समितिको सिफारिसमा नगरपालिकाले गर्नेछ ।

**१३.<u>दर्ता वा सूचिकृतको लागि निवेदन दिनु पर्नेः-</u>** (१) दफा ११ बमोजिम नाम दर्ता सूचीकरण गराउन चाहने खेलकुद सम्बन्धी संस्थाले देहायका कुरा खुलाई समितिमा नाम दर्ताको लागि निवेदन दिनु पर्नेछः-

क) संस्थाको नाम र ठेगाना,

ख) सञ्चालन गरिने खेलकुदको विवरण,

ग) कार्यकारिणी समितिका सदस्यको नाम, ठेगाना,

घ) विधानको प्रमाणित प्रतिलिपि,

ङ) वार्षिक कार्ययोजना र आयस्रोत ।

**१४.<u>नाम दर्ता सूचिकरण गर्न सक्नेः-</u>** (१) दफा १२ बमोजिम नाम दर्ता सूचीकरण गराउनको लागि दरखास्त परेमा समितिले तीस दिनभित्र आवश्यक जाँचबुझ गरी त्यस्तो संस्थाको नाम दर्ता सूचीकरण गर्न सक्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिम नाम दर्ता भएमा दर्ता गरिएको सूचना र नाम दर्ता गर्न नसकिने भएमा सोको सूचना सम्बन्धित संस्थालाई दिनुपर्नेछ ।

**१५.<u>विधान संशोधनको सूचनाः-</u>** (१) यो ऐन बमोजिम नगरपालिकामा दर्ता भएको खेलकुद सम्बन्धी संस्थाले दफा १२ बमोजिम नाम दर्ताको लागि दिएको निवेदनमा उल्लेख भएको व्यहोरा वा निवेदन साथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नुपर्ने कारण सहितको तीन महले तयार गरी सूचना तीस दिन भित्र नगरपालिकालाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम हेरफेरको सूचना प्राप्त भएपछि हेरफेर गर्नुपर्ने कारण उचित देखेमा नगरपालिकाले हेरफेरको व्यहोरा अध्यावधिक गर्नु पर्नेछ ।

**१६.<u>हिसाबको श्रेस्ता राख्नुपर्नेः-</u>** (१) खेलकुद सम्बन्धी संस्थाले राखेको श्रेस्ताको आम्दानी खर्चको हिसावको श्रेस्ता तोकिएको ढाँचा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खेलकुद सम्बन्धी संस्थाले राखेको श्रेस्ताको जाँचबुझ नगरपालिकाले जहिले सुकै गर्न गराउन सक्नेछ ।

**१७.<u>निर्देशन दिनेः</u>** (१) समितिले मातहतका खेलकुद सम्बन्धी संस्थालाई खेलकुद विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकुद सम्बन्धी संस्थाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम समितिले दिएको निर्देशनको पालना नगर्ने खेलकुद सम्बन्धी संस्था वा दफा १५ बमोजिम समितिले तोकिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाव किताबको श्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने खेलकुद सम्बन्धी संस्थाको नाम नगरपालिकाले  आफ्नो सूचीकरणबाट हटाउन सक्नेछ ।

**१८.<u>स्वीकृति लिनुपर्नेः</u>** खेलकुद सम्बन्धी संस्थाले नगरपालिकाभित्र खेलकुद प्रतियोगिता सञ्चालन वा खेलकुद सम्बन्धी सभा, सम्मेलन आयोजना गर्न नगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

१९.**<u>समितिको कोषः</u>-** (१) समितिको आफ्नो एउटा छुट्टै कोष स्थापना गर्न सकिनेछ र सो कोषमा देहायको रकम रहनेछ :

क) नेपाल सरकार र प्रदेश सरकार, भिमाद नगरपालिकाबाट प्राप्त रकम,

ख) खेलकुद पूर्वाधार उपयोग गर्न दिए वापतको शुल्क,

ग) खेलकुद सम्बन्धी प्रशिक्षण प्रदान गरे वापतको शुल्क,

घ) खेलकुद प्रदर्शन गरी आर्जन भएको रकम,

ङ) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरूप प्रदान गरेको रकम,

च) नेपाल सरकारको अनुमतिमा राष्ट्रिय, अन्तराष्ट्रिय सङ्घ, संस्था, विदेशी सरकारी वा एजेन्सीबाट प्राप्त रकम,

छ) अन्य कुनै श्रोतबाट प्राप्त रकम,

(२) समितिको नामबाट गरिने सवै खर्च कोषबाट व्यहोरिने छ ।

(३) समितिको कोषमा रहने रकम बैंकमा खाता खोली जम्मा पर्नेछ ।

(४) समितिको खाता सञ्चालन अध्यक्ष र सचिव वा कोषाध्यक्ष मध्येवाट कम्तिमा दुई जनाको संयुक्त दस्तखतवाट हुनेछ ।

२०.**<u>सम्झौता गर्दा नगरपालिकाले स्वीकृति लिनुपर्नेः</u>-** नगरपालिकाले खेलकुद विकासका लागि अन्तराष्ट्रिय साझेदार वा विदेशी संस्था वा व्यक्तिसँग सहयोग वा सम्झौता गर्नुपूर्व नेपाल सरकारको स्वीकृति लिनुपर्नेछ ।

२१.**<u>लेखा र लेखापरीक्षणः</u>- (१)** समितिको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

**(२)** समितिको आन्तरिक लेखा परीक्षण नगरपालिकाको आन्तरिक लेखापरीक्षण शाखाले गर्नेछ ।

**(३)** समितिको अन्तिम लेखापरीक्षण नगरपालिकाले तोकेको मान्यता प्राप्त लेखापरीक्षकवाट हुनेछ ।

**(४)** नगरपालिकाले समितिको आय व्ययको लेखा, तत् सम्बन्धी कागजात, नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच गर्न लगाउन सक्नेछ ।

२२.**<u>वैठक भत्ताः</u>-** (१) **समितिको** सदस्यले वैठकमा भाग लिएवापत नगरपालिकाको नियमानुसार वैठक भत्ता उपलब्ध गराउन सकिनेछ ।

(२) सदस्यले समितिको काम विशेषले भ्रमण गर्नु परेमा प्रचलित नियमानुसार भ्रमण तथा दैनिक भत्ता पाउनेछ ।

(३) उपदफा १ र २ बमोजिमको खर्च समितिको कोषवाट बेहोरिने छ ।

२३.**समितिमा रहने कर्मचारी**:- (१) समितिलाई आवश्यक पर्ने कर्मचारीको करारमा नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका कर्मचारीहरुको तलव भत्ता लगायतका सुविधा समितिको कोषवाट बेहोरिने छ ।

२४.**अधिकार प्रत्यायोजन**:- नगरपालिकाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये सवै वा केही अधिकार अध्यक्ष, सदस्य, समिति वा कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२५.**नगरपालिकाले निर्देशन दिन सक्ने**:- (१) नगरपालिकाले खेलकुद विकास गर्नको लागि समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

२६.**खेलाडीको व्यवसायिक सुरक्षा**:- खेलाडीको व्यावसायिक सुरक्षाका लागि नगरपालिकाले तोकिएबमोजिम विशेष व्यवस्था गर्न सक्नेछ ।

२७.**सजाय र कारवाही**:- (१) समितिले देहाय बमोजिमको कसुरमा देहाय बमोजिम सजाय गर्नेछ :

क) समितिले दिएको निर्देशन पालना नगर्ने खेलकुद सम्बन्धी संस्थालाई पहिलो पटक चेतावनी सहित पाँच हजार रूपैयाँ जरिवाना र सोही कसुर दोहो¥याएमा संस्था दर्ता वा सूचिकरण खारेज गर्न सक्नेछ ।

ख) कुनै खेलाडी वा खेलाडीको समूह वा प्रशिक्षक वा व्यवस्थापक वा रेफ्रीले खेलको प्रतिस्पर्धाबाट आउने स्वभाविक परिणामलाई प्रतिकूल हुने गरी मिलोमतोमा वा प्रलोभनमा परी खेल खेले वा खेलाएमा, वडास्तरको खेलकुद प्रतियोगिताको हकमा पाँच हजार रूपैयाँ जरिवाना र एक वर्ष सम्म सोहीस्तरको खेलबाट प्रतिबन्ध तथा नगरपालिकाको खेलकुद प्रतियोगिताको हकमा दश हजार रूपैयाँ जरिवाना र एक वर्षसम्म सोहीस्तरको खेलबाट प्रतिबन्ध लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिले गरेको सजाय उपर चित्त नबुझेमा पैतीस दिन भित्र नगरपालिकाको न्यायिक समितिमा उजुरी गर्न सकिनेछ ।

२८.**प्रशिक्षण प्रतिष्ठान सम्बन्धी व्यवस्था**:- (१) नगरपालिकाले खेलकुदको विकासका लागि नगरपालिका खेलकुद विकास प्रशिक्षण प्रतिष्ठान स्थापना गर्न सक्नेछ ।

(२) खेलकुद विकास प्रशिक्षण प्रतिष्ठान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२९.**<u>राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता लगायतका खेलकुद प्रतियोगिता सञ्चालन सम्बन्धी व्यवस्थाः</u>-** (१) राष्ट्रपति रनिङ शिल्ड जस्ता संघीय र प्रदेश सरकारको स्वीकृत कानून, मापदण्ड एवम् निर्देशिका बमोजिम सञ्चालन गरिने खेलकुद प्रतियोगिता सोही नियम एवम् कार्यविधि अनुसार नै सञ्चालन गरिने छ ।

(२) उपदफा (१) बमोजिमका खेलकुद प्रतियोगिता नगरस्तरमा सञ्चालन र व्यवस्थापन गर्न नगर खेलकुद विकास समिति र वडा खेलकुद विकास समितिले आवश्यक सहयोग गर्नु पर्नेछ ।

३०.**<u>नियम बनाउने अधिकारः</u>-** यस ऐन कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

३१.**<u>खारेजी तथा बचाउः</u>-** (१) यो ऐन प्रारम्भ हुदाको वखत बहाल रहेको खेलकुद विकास समिति ऐन प्रारम्भ भएको मितिवाट स्वतः खारेज हुनेछ ।

(२) यो ऐन प्रारम्भ हुनुपूर्व गठन गरिएको नगर खेलकुद विकास समितिले सम्पादन गरेका कार्यहरू यसै ऐन बमोजिम भएको मानिने छ ।

३२ **<u>.नागरिकको कर्तव्यः</u>-** खेल खेल्नु र खेलाउनु सवै नागरिकको कर्तव्य हुनेछ ।

३३.**<u>यस ऐन बमोजिम हुनेः</u>-** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानूनबमोजिम हुने छ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) यस ऐनमा उल्लेख भएका कुराहरू सङ्घीय र प्रादेशिक कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुने छन् ।

३४.**<u>ऐनको संशोधनः</u>** यस ऐनको संशोधन भिमाद नगरपालिका नगर सभाबाट गर्न सकिने छ।

भिमाद नगरपालिकाको मिति २०८०।११।१५ गतेको १५ औं नगर सभाको अधिवेशनले पारित गरेको "**भिमाद नगरपालिका खेलकुद विकास ऐन, २०८०**" (पृष्ठसङ्ख्या -११) गण्डकी प्रदेश स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५ को दफा २५ बमोजिम प्रमाणीकरण गर्दछु ।

....................

दधिराज सुवेदी

नगर प्रमुख

**प्रमाणीकरण मिति**- २०८०।११।२० गते आईतवार